

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १८ गते सोमबार ❑ 2 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा सुरु भयो अन्तर्राष्ट्रिय विमानस्थल

### कनेक्टिभिटि नै विकासको आधार हो : प्रधानमन्त्री प्रचण्ड, विमानस्थलका परिकल्पनाकार शंकरराज पाठकलाई सम्मान

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ पुस**

अन्तराष्ट्रिय हवाई उडान गर्ने वाचा सहित आइतबार एक समारोहका बिच पोखरा अन्तराष्ट्रिय विमानस्थलको उद्घाटन भएको छ। ४७ बर्ष पछि पोखरेलीहरुको सपना पूरा भए पछि खुसि र बढी आशामा आइतबार पोखरामा हालसम्मकै सबै भन्दा धेरै मानिसहरु सहभागितामा उक्त विमानस्थलको उद्घाटन भएको हो।

पोखरा विमानस्थलको आइतबार एक भव्य समारोहका बिच प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरेका हुन । २०७३ वैशाख १ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली सहितका शिर्श नेताहरुले सामुहिक रुपमा इट्टा राखेर शिलन्यास गरेको करिब ६ बर्ष पछि प्रधानमन्त्री प्रचण्डले उक्त विमानस्थलको उद्घाटन गरेका हुन्। उद्घाटन समारोहमा करिब ७० हजार भन्दा बढी सहभागि भएको उक्त समारोहमा हेलिकोप्टरबाट पुष्पबृष्टि समेत गरिएको थियो।

प्रधानमन्त्री प्रचण्डले सामाजिक न्याय, शुसासन र समृद्धिको मुल मन्त्र बनायर काम गर्ने योजना बनाएको बताए । निर्वाचन अघि देशका विभिन्न भागमा सहभागी कार्यक्रमहरुमा आफुले सामाजिक न्याय, सुशासन, र विकास देशको अवको एजेण्डा बनाउनु पर्छ भन्दै हिडेको उनले स्मरण गरे । आफुले जनतासंग बाचा गरेको र बाचा पुरा गर्नका लागि पनि यसै अनुसार अघि बढ्ने प्रचण्डको भनाई थियो।




विकासको मुल आधार कनेक्टिभिटि र भौतिक पूर्वाधार भएको बताउदै प्रधानमन्त्री प्रचण्डले पोखरा पर्यटनको केन्द्रको रुपमा रहेकोले पोखराको आर्थिक विकास र समृद्धि गर्न पोखरा विमानस्थललाई अन्य विमानस्थल हुदै अन्तराष्ट्रिय विमानस्थलसम्म जोड्नु पर्नेमा जोड दिए । हाम्रो जस्तो भूपरिवेष्टि देशमा हवाई कनेक्टिभिटि आर्थिक विकासको मुल आधार हुने गरेको प्रधानमन्त्री प्रचण्डको भनाई थियो।

शान्ति सम्झौताको हस्ताक्षर कर्त्ताको नाताले र संघीय लोकतान्त्रीक गणतन्त्र सगै समावेसी संविधान निमार्णमा सहभागी भएको नेताको हिसावले पनि आफुले अव आर्थिक विकास र समृद्धीका लागि दृर्णताका साथ लाग्ने उनको भनाई छ।

विगत केही वर्षदेखि देश धेरै उतार चढावका विचमा गुजेको बताउदै प्रधानमन्त्री प्रचण्डले भुकम्प र पछि कोरोनाका कारण विकास र समृद्धीका लागि जती काम हुनुपर्ने हो हुन नसकेको बताए । उनले भने "अव हामी देश नयाँ परिस्थितीमा भएकाले धेरै कुरा भन्दा जनताको लागि काम गर्नुपर्छ, अव कुरा कम र काम धेरै गर्नु पर्ने समय आएको छ, उद्घाटन सत्रमा भएको उल्लेखनिय उपस्थितीले आफुलाई थप जिम्मेवार र उर्जा थपेको छ ।" नेकपा माओबादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डले फरक प्रंसगमा आफुले पटक पटक चिनिया नेतृतवसंग पोखरा र विमानस्थल निमार्णको कुरा गर्दै आएको बताए । हाल चिनले नाकाहरु खोल्ने र रेल्वे परियोजनाको सर्वेको कामको लागि आवश्यक प्रकृयाको काम अघि बढेको उनले बताए । चिन सरकारले ठुला परियोजनाहरु अघि बढाउने गरि तयारी गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सुरु गरिएका कामलाई गती दिएर धेरै भन्दा धेरै ठुला परियोजनाहरु अघि सारेर त्यसलाई छिटो सम्पन्न गर्न चिन सरकारलाई आग्रह एंव अनुरोध समेत गरे । चिनले हाल अघि सारेका योजनाहरु छिटो सम्पन्न गर्न सके यसबाट नेपाली युवाहरुलाई रोजगारी सगै देशको विकास र समृद्धीको लागि ठुलो सहयोग पुग्ने प्रधानमन्त्री प्रचण्डको भनाई थियो । एक स्थाबाट अर्को स्थानलाई जोडन सगै आर्थिक विकासका लागि कनेक्टीभिटीको महत्वपुर्ण भुमीका रहने भन्दै प्रचण्डले त्यसमा पनि हवाई कनेक्टीभिटीको ठुलो भुमीका रहेको बताए। संचालनमा आएको विमानस्थलले पोखरा सगै गण्डकी प्रदेश र समग्र देशको अर्थिक विकासमा महत्वपुर्ण भुमीका खेल्ने भनाई उनको थियो । पोखरामा संचालनमा आएको यो तेस्रो विमानस्थल सगै निजगढ विमानस्थलको निमार्णको काम पनि अव छिटै सुरु गर्ने उनले बताए । आफु हाल गण्डकी प्रदेशको प्रतिनिधि र जन्मथलो समेत यही रहेकाले यस प्रदेश आफनो लागि विशेष रहेको उनले बताए।

कार्यक्रममा वोल्दै उपप्रधान तथा अर्थमन्त्री बिष्णु पौडेलले हाल अर्थतन्त्रमा केही समस्या आएको बताए । हाल देशमा देखिएको अर्थतन्त्रको समस्या भने आफ्नो कावुल भित्र रहेकोले त्यसलाई उचित व्यबस्थापन गरी लयमा फर्काउने उनको भनाई थियो । राजनीति स्थायित्वले देशमा आर्थिक विकास र समृद्धिको यात्रालाई अबरोध नहुने हुदा देशमा पहिलो स्थीर सरकार आवश्यक भएको मन्त्री पौडेलको भनाई थियो । पोखराको पर्यटन प्रबर्द्धन गर्न पोखरा काठमाण्डौं, लुम्बिनी, पोखरा चितवन मात्र नभई अन्य क्षेत्रमा पनि यसको पहुच पुराउनु पर्ने मन्त्री पौडेलको भनाई थियो।

पोखरालाई हवाई मार्ग मात्र नभई सडक मार्गले पनि सहज पहुचमा पुराउन पोखरा काठमाण्डौं, पोखरा चितवन, पोखरा सुनौली लगायतको क्षेत्र जोडिनु पर्ने उनको भनाई थियो। राष्ट्रको मुद्धा स्थायी सरकार, शुसासन, भ्रष्टचार र अनियमितताको अन्त्य गरी सामाजिक न्याय सहित समाजबाद उन्मुख अर्थतन्त्रमा केन्द्रित हुनु पर्ने मन्त्री पौडेलले बताए।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखराबाट अब अन्तराष्ट्रिय हवाई उडान हुनुपर्नेमा जोड दिए। उनले पोखराबाट आन्तरिक उडान मात्र गर्दा विमानस्थलको लगानी उठाउन मुस्किल हुने हुदा अन्तराष्ट्रिय उडान आवश्यक भएको बताउदै चिनिया सरकारको ऋणमा निर्माण भएको उक्त रकम मिनाह गर्न चिन सरकार समक्ष आग्रह समेत गरे । गण्डकी प्रदेशको लाइफ लाइनको रुपमा रहेको त्रिवेणी कोरोला सडक


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## एकाउन्न दशमलव २९ प्रतिशतले 'रिकभर' भयो पर्यटन आगमन

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ पुस**

कोरोना महामारी सुरु हुनुभन्दा अघिको तुलनामा नेपाल भित्रिने पर्यटकको सङ्ख्या ५१ दशमलव २ ९ प्रतिशतले 'रिकभर' भएको छ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार एक वर्षमा छ लाख १४ हजार एक सय ४८ विदेशी पर्यटक भित्रिएका छन् । जुन सन् २०२१ को तुलनामा तीन सय नौ दशमलव ७५ प्रतिशतले बढी हो भने सन् २०२० को तुलनामा एक सय ६६ दशमलव ९२ प्रतिशतले बढी हो।

सन् २०२० को सुरुवातमै विश्वव्यापी कोरोना महामारीको संक्रमणका कारण दुई वर्ष उल्लेख्य रुपमा घटेको पर्यटनको सङ्ख्या सन् २०२२ मा भने बढेको हो । सरकारले सन् २०१९ को तुलनामा ७५ प्रतिशतले पर्यटकको संख्या 'रिकभर' गर्ने लक्ष्य लिए पनि ५१ दशमलव २९ प्रतिशत 'रिकभर' भएको छ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले सरकारले सन् २०२३ मा १० लाख पर्यटक भित्र्याउने र सन् २०३३ सम्ममा वार्षिक ३५ लाख पर्यटक ल्याउने लक्ष्य लिएको बताउनुभयो। '

भारत र चीन दुई ठूला अर्थतन्त्र भएका छिमेकी मुलुक भएको नेपालमा हाम्रो लक्ष्य ठूलो होइन', उहाँले भन्नुभयो, 'पर्यटक बढाउनका लागि आवश्यक पूर्वाधारको निर्माण तथा प्रचारप्रसारमा विशेष ध्यान दिन जरुरी छ ।' सरकारले सन् २०२३/३३ को अवधिलाई नेपाल भ्रमण दशकका रुपमा मनाउने गरी कार्यक्रम अघि बढाएको छ।

## सहकारीहरु नाफामा केन्द्रीत हुंदा अनुत्पादक क्षेत्रमा लगानी बढ्यो : मन्त्री बुढा

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ पुस**

पोखरा पुष १७ ।

गण्डकी प्रदेश भूमि व्यवस्था कृषि, सहकारी तथा गरीबी निवारण मन्त्री चन्द्र बहादुर बुढाले सहकारीहरुले निक्षेप संकलन र कर्जा प्रवाहलाई जोड दिदा अनुत्पादक क्षेत्रमा लगानी वढिरहेको वताउनुभएको छ। सहकारीहरु नाफामा केन्द्रीत हुंदा अनुत्पादक क्षेत्रमा लगानी वढिरहेको उहांको भनाइ रहेको थियो । आइतबार पोखरामा सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशले आयोजना गरेको सहकारी सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया तथा समन्वय गोष्ठीको उद्घाटन गर्दै मन्त्री बुढाले सहकारीहरु नाफा कसरी हुन्छ भन्नेमा केन्द्रीत हुदा अनुत्पादक क्षेत्रमा लगानी वढिरहेको वताउनुभएको हो।

गण्डकी प्रदेश पछिल्लो समयमा दूध अण्डा र मासुमा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## हेमजामा टोपी दिवस

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ पुस**

'हाम्रो सानः हाम्रो मानः नेपाली टोपीलाई सम्मान' भन्ने मूल नाराका साथ लियो क्लब अफ हेमजाको आयोजनामा आइतबार हेमजामा अन्तर्राष्ट्रिय ढाका टोपी दिवस मनाएको छ।

स्थानीय प्रगतिचोकबाट मिलनचोकसम्म सहभागीले टोपी लगाई सद्भाव र्‍याली निकालेका थिए । र्‍याली मिलनचोक पुगेर कोणसभामा परिणत भएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि लियो क्लब ३२५ जे नेपालका उपाध्यक्ष लियो बिष्णु प्रसाद दाहालले नेपाली टोपीले सगरमाथाको जस्तै विश्वमा नेपालीको शिर उच्च बनाएको बताउनुभयो । उहाँले टोपीको पहिचान जोगाउन युवाले आ - आफ्नो ठाउँबाट सक्दो योगदान दिनुपर्नेमा जोड दिनु भयो । लियो क्लब ३२५ जे नेपालका सह-कोषाध्यक्ष लियो बिजय



त्रिपाठीले ढाका टोपी नेपालीको पहिचान भएको उल्लेख गर्नु भयो। लियो क्लब अफ हेमजाका संस्थापक सदस्य ई. आशिष बाँस्तोलाले स्वदेश तथा विदेशमा रहेका नेपालीले यो दिवसलाई सभ्य र भव्य रुपमा मनाउँदै आएको उल्लेख गर्नुभयो । उक्त अवसरमा सदस्य लियो रुबिना कुँवरले सांगीतिक प्रस्तुति राख्नु भएको थियो । क्लबका प्रथम उपाध्यक्ष लियो मनोज त्रिपाठीले स्वागत गरि सुरु भएको कार्यक्रममा ध्वजाको अभिवादन लियो श्रृङ्खला त्रिपाठी साथै लियो प्लेज लियो अस्मिता त्रिपाठीले वाचन गर्नु भएको थियो। सुस्मिता ब्यूटी कलेक्सनका प्रोपाइटर सुस्मिता गौतम तिमिल्सिनाले २५ थान टोपी सहयोग गर्नु भएको कार्यक्रममा कार्यक्रम संयोजक लियो दिवस बरालले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

क्लब अध्यक्ष लियो निराजन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सह-सचिव लियो सुशील त्रिपाठीले गर्नु भएको थियो।

## हिमालय एअरलाइन्सको एअरबस अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण

**पोखरापत्र संवाददाता**

**पोखरा, १७ पुस**

हिमालय एअरलाइन्सको एयरबस ए ३२० ९ एन-एएलभी आइतबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (पीआईए) मा सफलतापूर्वक अवतरण गरेको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै हिमालयन एअरलाइन्सको एअरबसले प्रदर्शनी उडान गरेको हो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्धाटन समारोहका लागि हिमालय एअरलाइन्सले दिउँसो १ बजेर ११ मिनेटमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआईए) काठमाडौँबाट उडान भरेर १ बजेर ४४ मिनेट हुँदा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको हो । हिमालय एअरलाइन्स्को यो एअरबस पोखरामा अवतरण गर्ने पहिलो एअरबससमेत बनेको छ। त्यसपछि विमान ३ बजेर ४४ मिनेटमा पोखराबाट उडान भरेर चार बजेर १७ मिनेटमा काठमाडौँमा अवतरण गरेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# चर्च ब्वाइज युनाइटेड आहा रारा पोखरा गोल्डकपको सेमिफाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

साविक लिग विजेता मच्छिन्द्र क्लवलाई स्तब्ध पार्दै नव प्रबेशी चर्च ब्वाइज युनाइटेड पोखरामा जारी आहा रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिताको सेमिफाइनलमा प्रबेश गरेको छ।

आइतबार पोखरा रंगशालामा भएको दोश्रो क्वाटरफाइनल खेलमा मच्छिन्द्रलाई ३-१ गोल अन्तरले हराउँदै चर्च ब्वाइज अन्तिम चारमा स्थान बनाएको हो । चर्च ब्वाइजको जितमा आशिष चापागाईले दुई तथा आशिष चौधरीले एक गोलको योगदान दिए । खेलको २३ औं र ६४ औं मिनेटमा चापागाईले



दुई गोल गर्दा पहिलो हापको इन्जुरी समयको ३ मिनेटमा चौधरीले गोल गरे । मच्छिन्द्रका सौरभ सुब्बाले खेलको ८९ औं मिनेटमा शान्त्वना एक गोल गरे । पहिलो हाफमा २-० ले अग्रता कायम गरेको चर्चले खेलको ६६ औं मिनेटमा आशिष चौधरीको गोलमा ३-० को स्पष्ट जित पक्का गर्‍यो। खेल सकिन २ मिने बाँकी छदा मच्छिन्द्रका सौरभले गोल एक गोल गरे।

चर्च ब्वाइज उक्त प्रतियोगितामा पहिलो सहभागिता हो भने मच्छिन्द्र हालसम्म फाइनलमा समेत पुग्न नसक्ने टिम हो । गत बर्ष सेमिफाइनलमा एपिएफसँग ३-१ ले पराजित भएको थियो । पाएका केही अवसर सदुपयोग गर्न नसक्दा मच्छिन्द्रले यसपाली पनि आहा रारा पोखरा गोल्डकपको उपाधि जित्ने सपना अधुरै रह्यो । फाइनल प्रवेशका लागि अब चर्च ब्वाइजले मनाङ मर्स्याङ्दी क्लब वा भुटनिज युथ एससी अमेरिका बीच भएको बिजेतासंग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिता अर्न्तगत भोलि सोमबार तेश्रो क्वाटरफाइनल खेलमा त्रिभुवन आर्मी बिरुद्ध संकटा क्लव बिच खेल हुने भएको छ।

## सहकारीहरु...

आत्मनिर्भर भएपनि त्यसलाई अगाडि बढाउन अझैपनि नसकिएको र त्यसको कारण ब्यापारीहरुको खेलोमेलोनै रहेको बुढाले वताउनुभयो । सहकारीहरु अझैपनि केही सिमित वर्गका मानिसहरुमा मात्र निर्भर रहेको वताउदै मन्त्री बुढाले विपन्न वर्ग र शेयर सदस्यहरुलाई आत्मनिर्भर गराउनतर्फ सहकारीहरु लाग्नुपर्नेमा जोड दिनुभयो । भूमि व्यवस्था कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालयले गण्डकी प्रदेशका सहकारीहरुलाई सुदृढ बनाउन लागि परेको भएतापनि अझैपनि अधिकांश सहकारीहरु अपडेट नभइ रहेको र नियम संगत चल्न नसकेको वताउदै दर्तामा मात्र सिमित रहेका सहकारीहरुलाई खारेजी गर्नतर्फ सहकारी अभियनताहरुपनि लाग्नुपर्नेमा उहांको जोड रहेको थियो।

गण्डकी प्रदेश भूमि व्यवस्था कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय प्रशासन तथा सहकारी बिकास महाशाखाका प्रमुख ध्रुव गिरीले संघ र प्रदेश वीच समन्वय हुन नसक्दा सहकारीहरुलाई सुदृढिकरण गरेर लैजान नसकेको भएतापनी यसलाई सुदृढ गराउनका लागी सहकारी संघहरु एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो । सहकारीहरुलाई डाटावेसमा लैजान आवश्यक रहेको वताउदै त्यसतर्फ सम्पूर्ण सहकारी संघ संस्थाहरुनै अगाडि वढ्नुपर्ने उहांको भनाइ रहेको थियो।

कार्यक्रममा वोल्दै गण्डकी प्रदेशका सहकारी रजिष्ट्रार रमेश घर्ती मगरले प्रदेश अन्तर्गत ९ सय ३६ वटा सहकारीहरु आवद्ध रहेको भएतापनि अधिकांश सहकारीहरु अपडेट नभएकाले त्यसको छानविन गरी दर्ता खारेजीको अभियानमा आफुहरु रहेको वताउनुभयो । कार्यक्रममा सहभागी सहकारी संघका प्रतिनिधीहरुले नेपालको संविधान र सहकारी ऐनमा सुधार गर्नुपर्ने, ऐन नियम मिच्ने संस्थालाई कारबाही गर्नुपर्ने, सहकारी ऐन २०४८ को नियमलाई विनियम संसोधन गर्नुपर्ने र संघमा आवद्ध नभएका सहकारीहरुका कारण समस्या उत्पन्न भएकाले त्यसतर्फ रजिष्ट्रारको कार्यालय र मन्त्रालयले ध्यान दिनुपर्ने सुझाव राख्नुभएको थियो।

कार्यक्रममा गण्डकीका मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लाका सहकारी संघका प्रतिनिधीहरुको सहभागीता रहेको थियोभने कार्यक्रमको संचालन सहकारी रजिष्ट्रारको कार्यालय गण्डकीका शाखा अधिकृत चोलाकान्त वाग्लेले गर्नुभएको थियो।


**Embassy of India**
**Kathmandu (Nepal)**
Government Of India

**Vacancy Announcement**

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following posts for ECHS Polyclinic Pokhara:–

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| a | Medical Specialist | ECHS Polyclinic Pokhara |
| b | Dental Officer | |
| c | Dental Hygienist | |
| d | Laboratory Technician | |
| e | Laboratory Assistant | |
| f | Nursing Assistant | |
| g | Chowkidar | |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website: www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 31 Jan 2023.

**Pokhara**
Office-in-Charge
ECHS Polyclinic
Embassy of India
Pension Paying Office
Pokhara (Nepal)
Tele No.: 061-430232, 061-431477


## पोखरा...

अर्न्तगत दुम्किबास क्षेत्रमा हाल निकुन्जले अबरोध पुराएको गुनासो गरे । आफु केही समयको लागि मात्र मुख्यमन्त्री भएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले बाँकी रहेका प्रदेशका रणनितीक महत्वका योजना पोखरामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, अन्तर्राष्ट्रिय क्रिकेट मैदान, भेवाडारीमा एन्फा टेक्निकल टेनिङ सेन्टर जस्ता योजनालाई पूरा गर्न प्रधानमन्त्री प्रचण्ड तथा आउने सरकारलाई आग्रह गरे । पोखराका मेयर धनराज आचार्यले पोखरालाई नेपाल सरकारले पर्यटकीय राजधानिको रुपमा घोषणा गर्न पुनः माग गरे। यसअघि विभिन्न ढंगले पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषणा गर्न माग गरिए पनि त्यसको खासै कान्वयन नभएको भन्दै मेयर आचार्यले त्यसलाई मुर्त रुप दिन प्रधानमन्त्री समक्ष आग्रह गरे । पोखरालाई पर्यटनको राजधानीको रुपमा कसैले घोषणा नगरे पनि स्वघोषित पर्यटनको राजधानी नै भएको मेयर आचार्यको भनाई थियो । उनले पोखराबाट अन्तराष्ट्रिय हवाई उडान गर्न कुनै कसर बाँकी नराख्ने दाबी गर्दै पोखराको ल्याण्डफिड व्यबस्थापन देखि अन्य बिषयमा व्यबस्थापन गरेको जनाए । नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान) का महानिर्देशक ई.प्रदीप अधिकारीले पोखरा देखि ४/५ घण्टाको हवाई उडान गर्न सकिने बताए। नेपालकै वुटिक विमानस्थलको रुपमा रहेको उल्लेख गर्दै उनले नविनतम प्रविधि र दक्षजनशक्तिको प्रयोगले निर्माण भएको उक्त विमानस्थल २४ सै घण्टा संचालन गर्न सकिने दाबी गरे । नेपाल सरकार मुख्य सचिव शंकर दास बैरागीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा विभिन्न जनजातिको भेषभुषा सहित झाँकी, विभिन्न संघ संस्थाको सहभागिता रहेको थियो। आइकाओ एसिया प्रशान्त क्षेत्रका निर्देशक लु स्याङ, नेपाल स्थीत चीनीया का.वा.राजदुत वाङसिङले पोखराको पर्यटन प्रबर्द्धन गर्न आवश्यक सहयोग र पहल गर्ने बताए । यसैबिच, तत्कालिन अञ्चलाधिश पोखरा निर्माणमा अग्रणी भूमिका खेलका तथा पोखरा विमानस्थलका परिकल्पनाकार शंकरराज पाठकलाई उक्त समारोहमा रथारोहण सहित बिषेश सम्मान गरिएको मेयर आचार्यले बताए । पाठकले पोखराको सौन्दर्यकरण गर्न र पोखरालाई दिगो रुपमा पहिचान गराउन पहल गरेका थिए। उनले हिमश्रृखलाहरु देखिने गरी घरहरु बनाउने निती, पोखराका सडकहरु उत्तरतर्फको हिमाल देखिने गरी बनाएका केही उदाहरण रहेका छन्।

पोखरा विमानस्थल संचालनमा कुनै बाधा नपुग्ने गरी आवश्यक जनशक्ति सहित प्राविधिकहरुको व्यबस्थापन गरी आइतबार देखि संचालन गरिएको पोखरा विमानस्थल कार्यालयका प्रमुख बिक्रम गौतमले बताए । अन्तर्राष्ट्रिय हवाई उडानको लागि भने विभिन्न कम्पनीहरुसंग छलफल भई रहेको र हालसम्म हवाई रुटको अनुमति बाहिरबाट नपाएको कारण तत्काल उक्त विमानस्थलबाट अन्तराष्ट्रिय हवाई उडान नहुने उनले जनाए । हाल संचालनमा रहेको विमानस्थलबाट सानो जहाज, हेलिकोप्टर र अल्ट्रालाइडको मात्र हवाई उडान हुने भए पनि बाँकी सबै हवाई उडानहरु भने नयाँ विमानस्थलबाट हुने भएको सम्पूर्ण तयारी गरिएको प्रमुख गौतमले बताए।



आधारभूत रुपमा सुरक्षाको बिषयमा आफुहरु निकै गम्भिरता पूर्वक लागेको दाबी गर्दै सेफ्टी र सेक्युरिटिको बिषयमा आफु निकै कठोर भएको प्रमुख गौतमको भनाई थियो । बुद्ध एयरले पोखरादेखि भारतको वनारससम्म अन्तर्राष्ट्रिय रुपमा हवाई उडान गर्ने तयारी गरे पनि भारतबाट हवाई रटको अनुमति नपाएको कारण जनवरी एकमा संचालन गर्न कठिन भएको प्रमुख गौतमले जनाए। पोखराबाट करिब ४/५ घण्टाको हवाई उडान हुने गरी जजीरा, थाई, हिमालयन, कतार एयर लगायतका कम्पनीहरुले समेत चासो दिएकोले विभिन्न एयरलायन्स कम्पनीहरुसंग कुराकानी भई रहेको गौतमले जनाए । पोखरा विमानस्थलको उद्घाटन गर्ने जिम्मा पाएको पोखरा महानगरले आइतबार स्थानिय बिदा दिदै सम्पूर्ण पोखरेलीहरुलाई भव्य रुपमा हुने उद्घाटन सत्रमा आफ्नो भेष भुषा सहित सहभागिताको लागि अनुरोध गरेको थियो। पोखराको अम्मरसिंह चोकमा बिहान १०:०० भेला भई विभिन्न जनजातिको भेषभुषामा झाँकी सहितको र्‍याली पोखरा विमानस्थलको उद्घाटन समारोहमा पुगेर समापन भएको थियो।

# पोखरामा सोमबार खुल्ला छेलो प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ पुस

खेलकुद नगरी पोखरामा भोलि(सोमबार) खुल्ला छेलो प्रतियोगिता हुने भएको छ।

मदन भण्डारी स्पोर्टस एकेडेमी गण्डकी प्रदेशको १४ औं स्थापना दिवशको अवसरमा सोमबार पोखरा रंगशालामा उक्त प्रतियोगिता हुने भएको कार्यक्रम सहसंयोजक कृष्ण तिमिल्सिनाले बताए। उक्त प्रतियोगितामा विजेतालाई ३५ हजार, उपविजेतालाई २५ हजार र तेश्रो हुनेलाई १५ हजार प्रदान गरिने भएको उनले जनाए।

यसैबिच एकेडेमीले सोमबार तीन विधामा ३ जनालाई सम्मान समेत गर्ने भएको छ। पत्रकारिता क्षेत्रमा योगदान पुराएको भन्दै नारायण कार्की, एथ्लेटिक्स, फुटवल खेलमा योगदान पुराएका रुद्रनाथ पौडेल र कला संस्कृतिको क्षेत्रमा योगदान पुराएको भन्दै एकेडेमीले बुद्धिप्रसाद गुरुङ्ग (गौरी) लाई सम्मान गर्ने भएको कार्यक्रम संयोजक राजेश गुरुङ्गले बताए । विगतका बर्ष देखि एकेडेमीमाले विभिन्न कार्यक्रम गर्दै आएको उनले जनाए।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# प्रदेश सरकार गठनमा सहमति खोज

प्रदेश सभा सदस्यले सपथ ग्रहण पछि प्रदेश सभाको अधिवेशन आव्हान भएको छ। प्रदेश सरकार गठनका लागि प्रदेश नं १ बाहेक अरु प्रदेशमा सरकार गठनका लागि आव्हान भएको छैन । प्रदेश सभामा सत्ता पक्ष र प्रतिपक्षी बेञ्चमा को बस्ने अन्यौल छाधेरैजसो मुख्यमन्त्री प्रदेश सभाका सदस्य छैनन् । सदस्य नभएपछि बैठकमा जान नैतिकताका कारण मिल्दैन। केन्द्रमा सरकार बनेपछि अधिवेशन आव्हान भएको छासिट छुट्टयाउन सजिलो भएको छ। प्रदेशमा अलमल देखिनु दलहरूबीचको भागबन्डा नमिल्नु हो । अधिवेशन शुरु भइसकेको प्रदेश १ मा प्रदेश प्रमुख पर्शुराम खापुङले नयाँ सरकारका लागि सात दिनभित्र दाबी पेश गर्न आह्वान गरेका छन् ।

संविधानको धारा १६८ (२) बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत पुर्‍याएर मुख्यमन्त्री नियुक्तिका लागि लागि पुस २४ गते बेलुका ५ बजेसम्म दाबी पेश गर्न आह्वान गरेका छन । केन्द्रमा गठबन्धन गरेका दलहरूबीच नै प्रदेशमा पनि गठबन्धन हुने हुँदा सरकार गठनका लागि ढिलाइ गर्नु खेल्ने मौका दिनु हो । नेपाली उखान जब भयो राति बल्ल... ताती भने जस्तै दलहरू भागबन्डा मिलाउन थालेका छन ।

प्रदेश १ मा नेकपा एमाले, नेकपा माओवादी केन्द्रसहित सत्ता गठबन्धनमा रहेका दलको प्रष्ट बहुमत छ । ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । नेकपा एमालेको ४० र माओवादी केन्द्रको १३ सांसद छन् । संघीय सरकारलाई समर्थन गरेको राप्रपाको ६ र जनता समाजवादी पार्टी (जसपा)को एक सांसद छन् । तर सत्ता गठबन्धनमा कुन प्रदेशको नेतृत्व कसले गर्ने भन्ने भागवण्डा भइसकेको छैन। प्रदेश १ को मुख्यमन्त्रीमा एमाले र माओवादी केन्द्रको दाबी छ । एमालेले आफ्नो नेतृत्वमा सरकार गठनको पहल गर्न संसदीय दलको नेता हिक्मतकुमार कार्कीको नेतृत्वमा वार्ता समिति बनाएको छ। माओवादी केन्द्रले प्रदेश १ का इन्चार्ज राम कार्कीले नेतृत्वमा समिति बनाएको छ। वार्ता समिति देखाउनका लागि हो ।

दुवै समितिबीच सम्वाद हुन सकेको छैन। प्रदेशमा हुने वार्ताले निर्णायक महत्व राख्दैन । प्रदेशको मुख्यमन्त्री नछाड्न पार्टी नेतृत्वलाई दबाव दिनका लागि मात्र हो । मुख्यमन्त्रीमा एमालेको पनि दाबी छ। माओवादीको पनि दाबी छ। भागवण्डाको टुङ्गो केन्द्रबाट लाग्छ। दुवै दलका नेताको सहमति छ। सांसद संख्याका हिसाबले भन्दा कहाँ कस्को भागपर्छ भन्ने छा मुख्यमन्त्री र सभामुखमध्ये एउटा लिने नीति बनाएका छन् । गठबन्धन दलहरूको सहमति अनुसार समग्र विषयमा सहमति खोजेर सरकार गठनका लागि प्रदेश प्रमुख समक्ष दाबी पेश गर्ने तयारी नगरी वार्ता समिति देखावटी हो।अरु प्रदेशमा पनि सरकार गठनको आव्हान गरेमा दलहरूलाई प्याकेजमा सहमति खोज्न दबाब पुग्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# दुर्घटनामा मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, १७ पुस**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-२ हलेदीमा टिपरको ठक्करबाट आइतबार एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा पोखरा महानगरपालिका-३३ बागमारा बस्ने ६० वर्षीया टीकादेवी चापागाइँ रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

कोत्रेबाट दुलेगौडातर्फ आउँदै गरेको ग२क ६२१९ नंको टिपरले विपरीत दिशातर्फ जाँदै गरेको ग१९प ५६५९ नंको स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार चापागाइँको मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो। घाइते उहाँको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा साँझ ५ बजे मृत्यु भएको हो।

दुर्घटनामा स्कुटर चालक सोही ठाउँ बस्ने ३३ वर्षीया लीलादेवी नेपाली घाइते हुनुभएको छ। उहाँको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । टिप्पर चालक अर्घाखाँची सन्धिखर्कका ४१ वर्षीय तिलक श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# एक वर्षमा मुस्ताङमा छैसठ्ठी हजार पर्यटक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ पुस**

पर्यटकीय जिल्ला मुस्ताङमा एक वर्षको अवधिमा करिब ६६ हजार पर्यटकले भ्रमण गरेका छन्। सन् २०२२ मा ६५ हजार नौ सय ४० विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय जोमसोमले जनाएको छ।

"कोरोना महामारी घट्नु, यातायात सुविधा, नयाँ गन्तव्यको पहिचान, प्रर्वद्धनात्मक गतिविधि र स्तरीय होटलको सुविधासँगै मुस्ताङमा पर्यटक आगमन बढेको हो", उहाँले भन्नुभयो "पछिल्लो पाँच वर्षयताकै धेरै पर्यटक यसपाली आएका छन् ।" उहाँका अनुसार अठतालीस देशका पर्यटक मुस्ताङ घुम्न आएका हुन्। कोरोना महामारी अघि मुस्ताङमा अधिकतम वार्षिक ६० हजारसम्म पर्यटक आएको तथ्याङ्क छ । सन् २०२१ मा दुई हजार तीन सय पर्यटक भित्रिएकामा छ सय दुईजना उपल्लो मुस्ताङ भ्रमणमा गएका थिए। सन् २०२० मा दुई हजार तीन सय ४७ पर्यटक मुस्ताङ आएका थिए।

विसं २०२२ मा मुस्ताङ भ्रमणमा आएकामध्ये ४६ हजार सात सय २४ पयृटक सार्क राष्ट्रका छन् । उन्नाइस हजार दुई सय छजना तेस्रो मुलुकका हुन् भने १३ हजार छ सय २५ पर्यटक मनाङ हुदै थोराङ्ला पास गरेर मुस्ताङ आएका छन् । यसैगरी तीन हजार दुई सय १२ पर्यटक उपल्लो मुस्ताङ घुम्न गएका छन्। कागबेनीदेखि कोरला नाकासम्मको उपल्लो मुस्ताङको अर्धनिषेधित भूगोलमा भ्रमण गर्न विदेशीले सात दिनका लागि पाँच सय डलर शुल्क तिर्नुपर्छ। गण्डकी प्रदेशका लमजुङ, कास्की, मनाङ, मुस्ताङ र म्याग्दीमा समेटिएको एक्याप क्षेत्रको भ्रमण गर्न सार्क मुलकका‌लाई प्रतिव्यक्ति रु एक हजार तथा तेस्रो मुलुकका‌लाई प्रतिव्यक्ति रु तीन हजार शुल्क तोकिएको छ । उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन् । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बा ताललगायत मुस्ताङका धार्मिक र पर्यटकीयस्थलमा पर्यटक आगमन पुरानै लयमा फर्किन थालेको छ । पर्यटकीय क्षेत्रका बासिन्दा, पर्यटक, होटल व्यवसायी र मजदूरलाई राहत मिलेको लोमान्थाङका घरबास सञ्चालक टासी गुरुङले बताउनुभयो।

# झोलुङ्गे पुलको जिल्लामा थपिए दश झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ पुस**

बागलुङमा १० झोलुङ्गे पुल थपिएका छन् । आर्थिक वर्ष २०७८/७९ मा मात्रै जिल्लाभर उक्त झोलुङ्गे पुल निर्माण भएका हुन् । बागलुङको ढोरपाटन नगरपालिकामा तीन, बरेङ गाउँपालिकामा दुई र ताराखोला गाउँपालिकामा पाँच पुल निर्माण भएका हुन्।

गत वर्ष निर्माण सम्पन्न गर्नेगरी जिल्लाभरि ३३ झोलुङ्गे पुलको सर्वे भएको थियो। सर्वे भएकामध्ये १० झोलुङ्गे पुलको मात्रै निर्माण सम्पन्न भएको विवाइसीका झोलुङ्गे पुल कार्यक्रम संयोजक प्रेम केसीले जानकारी दिनुभयो । ढोरपाटन-२ सिमलचौर, ढोरपाटन-७ का पँधेरी र ढोरपाटन-९ को रासीबाङ्ग, बरेङ-२ को काउला, बरेङ-१ को दोभानखोला, ताराखोला-२ को दोभान, ताराखोला-३ को निस्दीखोला, ताराखोला-३ को सादी, ताराखोला-४ को दोगाडी र ताराखोला-५ को मैन पकाउने घाट खोलामा पुल निर्माण गरिएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमअन्तर्गत स्थानीय तहले पुलको योजना छनोट र कार्यान्वयन गर्ने गरेका छन्। नेपाल सरकार र स्वीस सरकारबीचको सम्झौताअनुसार पुल निर्माण गर्न बागलुङमा झोलुङ्गे पुल सहयोग एकाइ (टिविएसयु) र पिटिएपी पोखराले प्राविधिक सहयोग गर्दै आएको केसीले जानकारी दिनुभयो । टिविएसयुले पुलको लठ्ठा, फलामे सामग्रीको व्यवस्थापन र वितरणमा स्थानीय तहसँग समन्वय गरेर काम गर्ने गरेको छ । कार्यक्रम संयोजक केसीका अनुसार एक सय २० मिटरसम्मका पुल उपभोक्ता समिति र त्यसभन्दा लामा पुल निर्माण व्यवसासायीमार्फत बनाउने गरिएको छ । झोलुङ्गे पुलको परिचय बनाएको बागलुङमा थप पुल बनेपछि सर्वसाधारणलाई आवतजावतमा सहज भएको छ। सङ्घीय सरकारले पुल निर्माणका लागि सशर्त बजेट उपलब्ध गराउँदै आएको छ । कूल बजेटमध्ये पुल क्षेत्रगत कार्यक्रमको ८५ प्रतिशत, स्थानीय तहको १३ प्रतिशत लगानी र दुई प्रतिशत जनश्रमदान गरी झोलुङ्गे पुल निर्माण भइरहेको केसीले जानकारी दिनुभयो। जिल्लामा पुल रणनीति २०६२ अनुसार निर्माणको काम भइरहेको छ । विसं २०७६ भदौसम्म जिल्लाभर चार सय ५३ पुल बनिसकेको तथ्याङ्क छ भने बितेको दुई वर्षमा ३३ पुल निर्माणाधीनमध्ये १० निर्माण सम्पन्न भइसकेका छन् । चालु आर्थिक वर्षमा २५ पुल निर्माण गरिने कार्यक्रम संयोजक केसीको भनाइ छ।

# संयुक्त रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ पुस**



लायन्स क्लब अफ पोखरा सिमलचौतारी एवं पोखरा इम्पेथीको संयुक्त आयोजनामा शनिबार सम्पन्न रक्तदान कार्यक्रममा ५५ युनिट रगत संकलन भएको छ।

कार्यक्रमको शुभारम्भ प्रमुख अतिथि पो.म.न.पा.वडा नं.८ का वडा अध्यक्ष रुद्रनाथ बराल ले ब्लड ब्याग रक्तदाता ला. किरण आचार्यलाई हस्तान्तरण गरेर कार्यक्रमको शुभारम्भ गर्नुभयो। प्रमुख अतिथिले आफ्नो शुभकामना मन्तब्यमा रक्तदान जस्तो पुण्यको काम केही हुदैन । हामीले रक्तदान नगरे आवश्यक व्यक्तिले कसरी रगत पाउँछन् । कुनै बेला हामी आफैलाई रगत चाहिँदा कसले दिन्छ, त्यसैले रक्तदान गरौ र अरुको अमूल्य जीवन बचाऔं, उहाँले भन्नुभयो । त्यसैगरी कार्यक्रमका बिशेष अतिथि डिष्ट्रिक कम्युनिकेसन चिफ लायन प्रजापति बास्तोला ले आफ्नो भनाई राख्नेक्रममा आफ्नो अमूल्य रगत दान दिएर अरु कसैको जीवन बचाउने कार्य निकै महत्वपूर्ण हुने बताउनुभयो। कसैको जीवन बचाउने रक्तदान नै सबैभन्दा ठूलो धर्म हो । हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यतिकै खेर जान्छ । खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने उहाले भन्नुभयो। कार्यक्रममा रक्तदानको महत्वको बारेमा प्रकाश पार्दे अतिथि रिजन चियर पर्सन लायन अर्जुन पाख्रेल, संस्थापक अध्यक्ष एवं जोन चियरपर्सन लायन नरेश बराल लगायतले आफ्नो भनाइहरु राख्नु भएको थियो।

लायन बर्ष २०२२/२३ का क्लब अध्यक्ष ला.परमेश्वर बराल एवं लायन्स क्लब अफ पोखरा इम्पेथीका संस्थापक अध्यक्ष लायन आविश्कार बरालद्वयको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । क्षेत्रीय रक्त संचार केन्द्र, रामघाट पोखराका प्राविधिक सहयोगमा सम्पन्न भएको कार्यक्रम संयोजन क्लबका सचिव ला.भगवान बिजुकुच्छेले गर्नु भएको थियो भने कार्यक्रम संचालन क्लबका प्रथम उपाध्यक्ष ला. पंकज पौडेलले गर्नु भएको थियो।

# कास्की जिल्ला शुटिङ संघको अध्यक्षमा श्यामकृष्ण श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ पुस**



कास्की जिल्ला शुटिङ संघको अध्यक्षमा श्यामकृष्ण श्रेष्ठ निर्वाचित हुनुभएको छ।

कास्की जिल्ला शुटिङ संघको तेश्रो साधारण सभा तथा दोश्रो अधिवेशनबाट संघको अध्यक्षमा श्यामकृष्ण श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको हो । अधिवेशनबाट प्रथम उपाध्यक्ष राजु श्रेष्ठ, द्धितिय उपाध्यक्ष राम नारायण श्रेष्ठ, सचिवमा सुक बहादुर गुरुङ र कोषाध्यक्षमा राम कुमार श्रेष्ठ निर्वाचित हुनुभएको छ । त्यसैगरी सदस्यहरुमा चिन्तामणी बास्तोला, विनोद प्रसाद श्रेष्ठ, बिजय कार्की, प्रकाश बज्राचार्य, शरण कुमार छन्त्याल र गृष्मा उदास निर्वाचित हुनुभएको छभने दुई सदस्य पछि मनोनित गरिने निर्वाचन अधिकृत कास्की जिल्ला खेलकुद बिकास समितिका कार्यालय प्रमुख डि बि नेपालीले जानकारी दिनुभयो । साधारण सभाको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश गुरुङले शुटिङ संघ कास्कीको कार्यालयका लागि पोखरा रंगशाला भित्र ठाउ उपलब्ध गर्ने वताउनुभयो। शुटिङ खेलका लागि पर्याप्त मात्रामा सामाग्रीहरु नभएको वताउदै त्यसका लागि पनि आफुले पहल गर्ने वताउदै पर्याप्त सामाग्रीको अभावका बीच शुटिङ संघले पछिल्लो समय उदाहरणीय काम गरेको उहांको भनाइ रहेको थियो।

शुटिङ संघ कासकीका सल्लाहकार तीर्थलाल श्रेष्ठले शुटिङ संघ कास्कीले खेलकुद सामाग्रीको अभावका बावजुद पनि आफुहरुले काम गरिरहेको वताउदै आगामी दिनमा संघलाई अगाडि वढाउन सम्पूर्ण एक भएर लाग्ने वताउनुभयो।

# तनहुँको उदाहरणीय वृद्धाश्रम

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ पुस**

अधिकांश वृद्धाश्रम परनिर्भरतामा चले पनि तनहुँको व्यास नगरपालिका-५ बेनीपाटनस्थित राष्ट्रिय परोपकार महासङ्घ नेपालद्वारा सञ्चालित ज्येष्ठ नागरिक चौतारी (वृद्धाश्रम) भने उदाहरणीय छ।

यस आश्रममा आश्रित ज्येष्ठ नागरिकले आफैं तरकारी र दूध उत्पादन गर्दै आएका छन्। विगतमा घरमा रहँदाखेरीको सिकाइ र भोगाइलाई यहाँ पनि उपयोग गरी तरकारी र दूध उत्पादन गर्दै आएको राष्ट्रिय परोपकार महासङ्घ नेपाल जिल्ला कार्यसमितिका अध्यक्ष तारानाथ घिमिरेले बताउनुभयो।

"यहाँ आश्रित ज्येष्ठ नागरिक आफैँले बारी खनेर तरकारी लगाउने गरेका छन् । हामी रासायनिक मल प्रयोग गर्दैनौँ । प्राङ्गारिक मल प्रयोग गरेर तरकारी उत्पादन गर्छौं", उहाँले भन्नुभयो, "आश्रममा बस्दै आएका काम गर्नसक्ने सबैले सकेको काम गरेर प्राङ्गारिक उत्पादन नै खाने गरेका छन् ।" यहाँका ज्येष्ठ नागरिकलाई बाहिरबाट सहयोगस्वरुप आएको खाद्यान्न, तेल, नुन, चिनीलगायत अत्यावश्यक सामग्री प्राप्त हुने गरेको र आफैँले पनि बारीमा उत्पादन गरेको खानेकुरा धेरै मिठो हुने गरेको यहाँ आश्रित ज्येष्ठ नागरिकले बताए।

"हामी तरकारी र दूधमा आत्मनिर्भर छौँ । रासयनिक मल होइन हामीले गाईको मल प्रयोग गरेर आफैँ खटिएर तरकारी लगाउँछौँ । किनेर खानुपर्ने तरकारी पनि हाम्रो भएको जमिनमा उत्पादन गरेरै खान्छौँ", राष्ट्रिय परोपकार महासङ्घ नेपाल जिल्ला कार्यसमितिका उपाध्यक्ष सुवेदार बलबहादुर रानाभाटले भन्नुभयो । अहिले बारीमा हिउँदे तरकारी प्रशस्त रहेको र आश्रमको स्वामित्वमा नै रहेको एक रोपनी जग्गामा खेतीपाती गर्दै आएको उहाँको भनाइ थियो । "यहाँ उत्पादित तरकारीले आश्रममा आश्रित ज्येष्ठ नागरिकलाई पुग्छ । बाहिरबाट ल्याउनुपर्ने अवस्था छैन । चैत, वैशाखका लागि नयाँ तरकारीको बिरुवा रोपिएको छ । अब लहरे तरकारीको याममा रोप्नका लागि टनेल तयारी गर्नुपर्ने बेला भएको छ", उपाध्यक्ष रानाभाटले भन्नुभयो । तरकारी उत्पादन गर्न यहाँ पालिएको गाईको गोबर, गहुँत प्रयोग गरिएको अध्यक्ष घिमिरेले बताउनुभयो । आश्रमको करेसाबारीमा काउली, बन्दा, भेन्टा, कागती, धनियाँ, मूला, साग, ब्रोकाउलीलगायत तरकारी प्रशस्त मात्र फलेका छन् । तरकारीसँगै उब्जिने घाँस र कुँडोले यहाँका गाई पालिएका छन् ।

आश्रममा कहिले पनि दुहुँनो गाई टुट्दैन । गाईपालनले आश्रममा आउने सहयोगदाता र भेटघाटका लागि आउने पाहुनालाई जुनसुकै समय दूध खुवाउन सकिन्छ । आश्रमले हाल पाँच वटा गाई पालेको छ। ती गाईबाट आएको दूधले पूर्णरुपमा पुग्ने गरेको उहाँले बताउनुभयो । तरकारीखेती गर्दै आएको स्थानमा हालसम्म रासायनिक मल प्रयोग नभएको र बालुवा रहेको स्थानलाई उत्पादनमुखी बनाउन यहाँ आश्रित ज्येष्ठ नागरिकको एकताले सफल भएको उहाँको जिकिर थियो ।

# पूरा भयो पोखरेलीको पाँच दशकदेखिको सपना

–वासुदेव पौडेल/कृष्ण दवाडी

पोखरा, १७ पुस (रासस)

पर्यटकीय नगरी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने पाँच दशकदेखिको सपना पूरा भएको छ।

विमानस्थलको भव्य समारोहबीच आइतबार प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभयो । उद्घाटन समारोहमा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल लगायतको उपस्थिति थियो । तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झन्डै रु २२ अर्ब लागतमा निर्माण गरिएको हो । विमानस्थलमा दुई हजार पाँच सय मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग छ । समारोहमा प्रधानमन्त्री दाहालले पोखरा विमानस्थलले गण्डकी प्रदेशको मात्र नभई समग्र देशकै अर्थतन्त्रमा विशिष्ट योगदान पुऱ्याउने बताउनुभयो । विमानस्थलले पोखरालाई अन्तर ष्ट्रिय सहरसँग जोड्ने उहाँको भनाइ छ। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले पोखरा विमानस्थल सञ्चालनमा सरकारले सघाउने बताउनुभयो । नवनिर्मित विमानस्थललाई चितवन, भैरहवालगायत विमानस्थलसँग जोड्नुपर्ने उहाँले बताउनुभयो।




गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरा विमानस्थल गण्डकी प्रदेशको समृद्धि र विकासका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नका लागि सङ्घ सरकारको उहाँले ध्यानाकर्षण गराउनुभयो । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पोखराका लागि गौरवको विषय भएको बताउँदै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरालाई पर्यटनको राजधानीका रुपमा विकास गर्नुपर्ने बताउनुभयो । विमानस्थल सञ्चालनका लागि सबैको साथ र सहयोग आवश्यक भएकामा जोड दिँदै उहाँले विमानस्थल सञ्चालनमा समस्याका रुपमा रहेका रिठेपानी डाँडा कटान र ल्यान्डफिड साइडको व्यवस्थापन गरिएको बताउनुभयो। विमानस्थल निर्माणकै लागि २०३४ सालदेखि जग्गा अधिग्रहण गरे पनि लामो समयसम्म काम अघि बढ्न नसकेकामा चिन्तित पोखरावासीले यसको निर्माण थाल्नुपर्ने मागसहित लामो समयसम्म सङ्घर्ष गरेका थिए । पोखरेलीको लामो समयदेखिको सङ्घर्षको प्रतिफलस्वरूप विमानस्थल सञ्चालनको अवस्थामा आउनु पोखरेलीका लागि हर्षको विषय भएको अभियानकर्मी विश्वशङ्कर पालिखे बताउनुहुन्छ। विमानस्थल निर्माणसँगै पोखरा अन्तर्राष्ट्रिय सहरका रुपमा स्थापित भएको छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ यो आगामी दिनमा व्यस्त विमानस्थलका रुपमा चल्नुपर्ने बताउनुभहुन्छ। चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ साल वैशाख १ गते शिलान्यास गर्नुभएको थियो । निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिईले पाएको थियो। अङ्ग्रेजी नयाँ वर्षको पहिलो दिनबाटै विमानस्थल सञ्चालन आउनुले यसले पोखराको पर्यटनमा विशेष अर्थ राख्ने पर्यटन व्यवसायीहरू बताउँछन् । विमानस्थल सञ्चालनसँगै यससँग जोडिएका पूर्वाधारको विकासमा राज्यको ध्यान पुग्नु जरुरी रहेको नाङ्गा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताउनुभयो।

'पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पोखराका लागि गौरवको विषय हो', उहाँले भन्नुभयो, 'यसको अधिकतम उपयोग हुने किसिमको वातावरण तयार गरिनु आवश्यक छ ।' तथ्याङ्कअनुसार काठमाडौँ आएका विदेशी पर्यटकमध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गर्दछन् । नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको र ४० देखि ४५ प्रतिशत पोखरा पुग्ने गरेका छन् । पाँच दशकदेखिको सपना पूरा भएको भन्दै आइतबार पोखरा अन्तर ष्ट्रिय विमानस्थलको उद्घाटनमा हजारौँ पोखरेली सहभागी भएका छन् । पोखरा महानगरपालिकाको आयोजनामा पोखराको अमर सिंह चौरबाट विमानस्थलसम्म बाजागाजासहित विभिन्न जातजातिको वेशभूषामा सर्वसाधारणहरू सहभागी भएका थिए। विमानस्थल पोखरेलीको गौरव भएको भन्दै पोखरा महानगरपालिकाले आइतबार उद्घाटन समारोहलाई भव्य बनाउने लक्ष्यका साथ ३३ वटै वडा र मातहतका विद्यालय तथा अन्य शैक्षिक संस्था बन्द गरेको थियो । उद्घाटन समारोहमा विमानस्थलको परिकल्पनाकार शङ्करराज पाठकलगायत विमानस्थल निर्माणमा विशिष्ट योगदान गर्ने व्यक्तिहरूलाई प्रधानमन्त्रीले सम्मान गर्नुभयो।

# नेपाली कागज : बजारमा माग धेरै, उत्पादन कम

रासस

गोरखा, १७ पुस

गोरखामा उत्पादन हुँदै आएको नेपाली कागज उत्पादनका लागि कच्चा पदार्थको अभाव भएपछि बजारको माग धान्न गाह्रो परेको छ।

गोरखा नगरपालिका-६ स्थित नयाँबस्तीमा सञ्चालित गोरखा मनकामना नेपाली हाते कागज उद्योगमा मागअनुसार नेपाली कागज उत्पादनका लागि कच्चा पदार्थको अभाव हुँदै आएको हो।

कागज उत्पादनका लागि आवश्यक पर्ने लोक्ता जङ्गलबाट खोजेर ल्याउनुपर्ने भए पनि आवश्यकताका आधारमा कच्चा पदार्थ आयात गर्न नसकिएको उद्योगका सञ्चालक पासाङनिमा शेर्पाले बताउनुभयो । "जङ्गलमा त खोजेजति लोक्ता पाइन्छ", उहाँले भन्नुभयो, "तर जङ्गलमा गएर झिक्ने, सुकाउने र यहाँसम्म ल्याउने मान्छे नै पाउन गाह्रो छ।" शेर्पाले घरेलु कार्यालयमा उद्योग दर्ता गरी नेपाली कागज उत्पादन गरेको झण्डै पाँच वर्ष भइसकेको छ। "बजारमा जति उत्पादन गरे पनि बिक्रीका लागि कुनै समस्या छैन", शेर्पाले भन्नुभयो, "बरु



कागज उत्पादनका लागि सधैँ कच्चा पदार्थको अभाव हुने गरेको छ।" जङ्गलबाट झिकेर ल्याएको लोक्ता उद्योगले प्रतिक्विन्टल रु १५ हजारमा खरिद गर्ने गरेको उहाँको बताउनुभयो। एक क्विन्टल कच्चा पदार्थबाट दुई हजार थान २०-३० साइजको कागज उत्पादन हुने शेर्पाले जानकारी दिनुभयो।

उद्योगमा अहिले परिवारका तीन सदस्यसहित १० जनाले रोजगारी पाएका छन् । शेर्पाले करिब रु आठ लाखको लागतमा उद्योग सञ्चालन गरेको बताउनुभयो । "उद्योगका लागि दक्ष कामदारलाई खाने-बस्ने सुविधासहित रु १० हजारदेखि १५ हजार तलब दिने गरेको छु", शेर्पाले भन्नुभयो, "चर्को घाम लागेको दिन एक जना कामदारले दैनिक दुई सय पन्ना कागज उत्पादन गर्न सक्छ।" उद्योगले उत्पादन गरेको कागज काठमाडौँमा बिक्री हुने गरेको उहाँको भनाइ छ। "उद्योगमा १० ग्राम, २० ग्राम, ३० ग्राम र ४० ग्राम तौलका कागज उत्पादन हुने गर्दछ", उहाँले भन्नुभयो, "बीस ग्राम कागजको प्रतिपन्ना रु २० र ४० ग्राम कागजको प्रतिपन्ना रु ४० मा नै ठूला उद्योगले खरिद गरेर लैजान्छन् ।" उहाँले उद्योगबाट गर्मी मौसममा दैनिक एक हजार छ सय थान र जाडो मौसममा आठ सय थानसम्म कागज उत्पादन हुने बताउनुभयो । "जाडो मौसममा सुक्न अलिक समय लाग्ने भएकाले गर्मी मौसममा भन्दा कम उत्पादन हुन्छ", शेर्पाले भन्नुभयो, "गर्मी मौसममा बढीमा तीन घण्टाभित्रमा जालीमा राखेको लेदो सुकेर कागज तयार हुन्छ, तर जाडो मौसममा सुक्न झण्डै पाँच घण्टा जति समय लाग्छ।" राम्रोसँग उद्योग चल्दा मासिक रु चार लाखसम्म उद्योगमा आम्दानी हुने गरेको शेर्पाले बताउनुभयो। उद्योगले मागअनुसार कागज उत्पादन गर्दै आइरहेको सञ्चालक शेर्पाको भनाइ छ। उहाँले उद्योगका लागि चाहिने कच्चा पदार्थ वन कार्यालयको अनुमति लिएर उत्तरी गोरखाको लाप्राक, लापु, मान्वु, खरिबोटलगायतका क्षेत्रबाट सङ्कलन गरी ल्याउने गरिएको जानकारी दिनुभयो । उद्योगबाट उत्पादित नेपाली कागज अधिकांश सरकारी कामकाजका लागि प्रयोग हुने गरेको भए पनि थाङ्का कोर्ने, धुप बनाउने, डायरी बनाउने, नोटबुक बनाउने काममा समेत प्रयोग हुने गरेको सञ्चालक शेर्पाको जानकारी दिनुभयो। ४० ग्रामका कागज भने नेपाल बाहिर निर्यात हुने गरेको शेर्पाको भनाइ छ।

# 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमणले बङ्गुर मर्न थाले

पोखरापत्र संवाददाता

बेनी, १७ पुस

देशका विभिन्न स्थानमा बङ्गुरमा देखापरेको 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमणका कारण म्याग्दीमा समेत बङ्गुर मर्न थालेका छन्।

सदरमुकाम बेनी तथा ग्रामीण क्षेत्रमा पालिएको बङ्गुरमा सङ्क्रमण देखिएपछि हालसम्म तीन सयभन्दा बढी बङ्गुर मरेको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र म्याग्दीले जनाएको छ । व्यावसायिकरूपमै फार्ममा पालिएका बङ्गुर मर्न थालेपछि विज्ञ केन्द्रको टोलीले गरेको अनुगमन तथा केही फार्मबाट लिइएको नमूनामा अफ्रिकन स्वाइन फिभर पुष्टि भएको विज्ञ केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले जानकारी दिनुभयो। पहिलोपटक पोखराबाट ल्याइएको उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ मा रहेको बङ्गुर फार्ममा गरिएको बङ्गुरमा पशुपक्षी अन्वेषण परीक्षण गर्दा अफ्रिकन स्वाइन फिभरको पुष्टि भएको थियो। यहाँका ४० भन्दा बढी बङ्गुर मरेपछि केन्द्र र गाउँपालिकाको पशु सेवा शाखासहितको टोलीले अनुगमन गरेको थियो । बङ्गुर फार्मबाट लैजाने मासु पसलसहित जोखिमपूर्ण मानिएका स्थानमा उच्च निगरानी राखिएको छ।

केन्द्रका प्रमुख आचार्यले अफ्रिकन स्वाइन फिभरले मान्छेमा कुनै असर भने नगर्ने बताउनुभयो। बङ्गुर प्रजातिमा मात्र देखिने यो रोगको कुनै उपचार नरहेको पशु चिकित्सकले बताएका छन् । यो रोगको पूर्ण उपचार नभए पनि छ-छ महिनामा बङ्गुरलाई खोप लगाएर न्यूनीकरण गर्न सकिने केन्द्रका प्रमुख आचार्यको भनाइ छ । बेनी नगरपालिका-७ मङ्गलाघाटमा साढे दुई सय बङ्गुर मरेको अवस्थामा भेटिएको बेनी नगरपालिकाको पशु सेवा शाखाले जनाएको छ।

# दुर्गा देवी सप्लायर्सको वनभोजमा रंगकर्मी र ठेकेदार सम्मान

पोखरापत्र संवाददाता

बागलुङ, १७ पुस

पोखरा महानगरपालिका वडा न १३ बाँझापटन स्थित दुर्गा देवी सप्लायर्सले लामो समय देखी आवद्ध रंगकर्मी एवं विल्डिङ ठेकेदारहरु विच शनिवार वनभोज एवं सम्मान कार्यक्रम गरेको छ।

आँफुसँग गाँसिएका रंगकर्मी र ठेकेदारहरु परिवारको सदस्य भएकोले उनै सदस्यहरुलाइ आत्मवल बढाउने उद्देश्यले सो कार्यक्रम राखिएको दुर्गादेवी सप्लायर्सका संचालक कुमार केसीले वताए । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका इर्मजेन्सी विभागका संयोजक चिरञ्जीवी तिमिल्सिनाले नीजि व्यपार गरी यसरी सवैलाइ माया मानेर यति राम्रो कार्यक्रम गर्नाले समाजमा सकारात्मक सन्देश जाने वताए । सोही कार्यक्रममा



सप्लायर्सले पोखराभरीवाट तीनजनालाइ उत्कृष्ट पुरस्कार वितरण गरेको छ । रगंकर्मी मध्येवाट उत्कृष्टमा क्रमश जसवहादुर गुरुङ, दिलिप श्रेष्ठ र किरण गुरुङ एवं दलवहदुर थापा परेका छन् । रगंकर्मीमा प्रोत्साहन पुरस्कार गुमान सिंह गुरुङले प्राप्त गरेका छन् । त्यसैगरी उपस्थित ठेकेदारहरुलाइ पनि सम्मान गरियो । सप्लायर्सका माता पिता दुर्गा देवी क्षेत्री एवं बल बहादुर क्षेत्रीको अध्यक्षतमा भएको कार्यक्रममा समाजसेवी एवं शिक्षासेवी युवराज त्रिपाठी, ब्रजर पेन्ट्स नेपालका पोखरा डिपो मेनेजर तारा मैनाली, उत्कृष्ट मध्येवाट जसवहादुर गुरुङ, ठेकेदार मध्यवाट भक्तवहादुर विक लागयत वोलेको कार्यक्रममा संचालकका नौ वर्षिय छोरा कदम क्षेत्रीले स्वागत र दुर्गादेवी सप्लायर्सका संचालक कुमार केसीले संचालन गरेका संचालीका देवी बस्नेत क्षेत्रीले पोखरापत्रलाइ वताइन्।

# म्याग्दीको सिस्नो पाँचतारे होटलदेखि विदेशसम्म

पोखरापत्र संवाददाता

म्याग्दी, १७ पुस

म्याग्दीका पाखापखेरामा जतातत्तै पाइने सिस्नोलाई प्रशोधन गरी पाउडर उत्पादन गर्न थालेपछि यहाँको सिस्नो नेपालमा मात्रै होइन विदेशका पाँच तारे होटलसम्म पुग्न थालेको छ। सिस्नो विशुद्ध अर्ग्यानिक उत्पादन हो । यसको उत्पादनमा न कीटनाशक औषधिको प्रयोग गर्नुपर्छ, न कृत्रिम भण्डारणको खाँचो नै पर्छ।

बजार क्षेत्रमा बसोबास गर्नेहरु पछिल्लो समय ग्रामीण क्षेत्रमा उत्पादन भएका खाद्य सामग्रीको उपभोगतर्फ आकर्षित भएका छन् । कुनै समय गाउँघरका गरिबको खानाको परिकार भनिने सिस्नोलगायतका ग्रामीण उत्पादन अहिले सहरबजारका धनीको रोजाइँमा पर्न थालेका छन् । आयातित र औद्योगिक उत्पादनको उपभोगसँगै विलासी जीवनशैलीका कारण उत्पन्न हुने स्वास्थ्य समस्याबाट बच्नका लागि ग्रामीण क्षेत्रमा विषादीको प्रयोगबिना प्राङ्गारिक तरिकाले उत्पादन गरिएका तरकारी र खाद्य सामग्रीप्रति आकर्षण बढ्न थालेको छ । ग्रामीण क्षेत्रमा उत्पादन भएका खाद्यान्न, गेडागुडी र तरकारीको माग बढ्न थालेपछि सदरमुकाम बेनीमा महिला उद्यमीले ती सामग्री मात्र पाइने पसल खोलेका छन् । उत्पादनले बजार र मूल्य पाउन थालेपछि गाउँका किसान उत्साहित भएका छन् । गाउँमा उत्पादन भएको सिस्नोको पाउडर, सिमी, साग, चामल, दाल, कोदोको पिठो, भुटेको मकै, मह, घ्यू, अचार, टिमुर, बदाम, च्याउ, टुसा, मकैको आटोलगायतको माग बढ्न थालेपछि पसल सञ्चालन गरेको कालीपुलमा आर्ग्यानिक उत्पादनको पसल सञ्चालन गर्नुभएकी कमला पौडेलले बताउनुभयो । गरिबको खाना भनेर चिनिने सिस्नोको परिकार केही वर्षयता विदेश र सहर बजारमा लोकप्रिय बन्न थालेपछि म्याग्दीका उद्यमीले प्रशस्त आयआर्जन गर्न सफल भएका छन् । म्याग्दीका उद्यमीले उत्पादन गरेको स्वास्थ्यवर्द्धक सिस्नोको पाउडर हाल काठमाडौँ र पोखराजस्ता ठूला सहरमा मात्र नभएर विदेशबाट समेत माग हुन थालेको छ । सिस्नो पाउडरको उपभोग गरेमा महिनावारी नियमित हुने, ग्याष्ट्रिक, स्त्रीरोग, बाथ, खाना नरुच्ने, मधुमेहजस्ता रोग निको हुने भएपछि सिस्नोको माग बढेको उद्यामीको भनाइ छ।

यसलाई झोल बनाएर खानासँगै प्रयोग गर्न पनि सकिन्छ। जिल्ला लघुउद्यमी सङ्घ, म्याग्दीका अनुसार गतवर्ष म्याग्दीमा एक हजार तीन सय किलोग्राम पाउडर उत्पादन भई अन्यत्र बिक्री भएको थियो । साउनदेखि माघ महिनामा सिस्नोको मुना टिपेर पाउडर बनाउने उपयुक्त समय हो । बेनी, बागलुङ, कुश्मा, मुस्ताङ, पोखरा, काठमाडौँलगायत स्थानबाट पाउडरको माग हुने गरेको घतान नेप्टेचौरकी उद्यमी अनिता खत्रीले बताउनुभयो । जिल्लाको बेनी, घोरेपानी र तातोपानीका होटल तथा लजहरूमा पनि पाउडरको माग बढिरहेको छ। एक किलोग्राम पाउडरको मूल्य न्यूनतम रु चार सय पर्छ। करेसाबारी, खेतबारीका कान्ला, खाली जमिनमा उम्रेको सिस्नोबाट पनि आम्दानी गर्न सकिने भएपछि महिला उत्साहित भएको दानाकी उद्यमी मैती तामाङले बताउनुभयो।

वनस्पति विज्ञ चन्द्रमणि सापकोटाका अनुसार सिस्नोमा पाइने झुस जस्तो फर्मिक अम्ल र पोल्ने जलन हुने र हिस्टामाइले सुन्निने भएकाले सिस्नोले छुँदा निकै दुख्ने र पोल्ने हुन्छ । अङ्ग्रेजीमा यसलाई नेटल भनेर चिनिन्छ । मध्यपहाडी तथा उपत्यकामा पाइने पोल्ने झार नै सिस्नो हो र यसमा धैरै औषधीय गुण पाइएको छ। नेपालका पाँचतारे होटेलका मेनुमा पनि सिस्नो निकै लोकप्रिय छ । पात मात्र नभएर यसको जरासमेत उपयोगी हुने आर्युवेदिक चिकित्सकको भनाइ छ । सामान्यतया सिस्नोलाई पखाली उम्लेको तातोपानीमा राखी घोटेर पकाउने चलन छ । विशेषगरी यसमा नून, खुर्सानी, टिमुरको धुलो, लसुन, मकैको च्याख्ला राखेर पकाइन्छ। अन्त्यमा नून, मरिच र क्रिम हालेर नेटल सुपको रुपमा प्रयोग गर्ने चलन छ।

# दैनिक १५ हजार अण्डा उत्पादन, अण्डा लिन व्यापारी फार्ममै

पोखरापत्र संवाददाता

तनहुँ, १७ पुस

नौ वर्षअघिदेखि तनहुँका अमृत थापा र गुरुप्रसाद पौडेलले 'लेयर्स' जातको कुखुराको पोल्टी फार्म सञ्चालन गर्दै आउनुभएको छ।

जिल्लाको म्याग्दे गाउँपालिका-६ को धयरेमा त्रिदेव पोल्टी फार्म सञ्चालन गर्नुभएका उहाँको फार्ममा हाल १९ हजार कुखुरा छन् । दिनमा १५ हजार अण्डा उत्पादन हुने भएकाले खरिदका लागि बाहिरबाट व्यापारी आउने हुँदा बिक्री गर्न भौतारिन पर्ने समस्या भएको सञ्चालक थापाले बताउनुभयो।

उहाँका अनुसार हालसम्म फार्ममा रु छ करोड बढी लगानी भएको छ । उहाँले भन्नुभयो, "फर्ममा नौ जनाको परिवारले रोजगारी पाएका छन्", व्यवसाय सञ्चालन गर्दा मासिक रु ३५ लाख खर्च हुने गरेको छ। उन्नाइस हजार कुखुरालाई दैनिक करिब रु एक लाख २० हजार खर्च हुन्छ। आम्दानी जति सबै लगानीमा खर्चेर व्यवसाय वृद्धि गर्दै आएका छौँ", उहाँले भन्नुभयो।

करिब त्रिपन्न रोपनी क्षेत्रफलमा छवटा कुखुरा फार्म निर्माण गरेर व्यवसाय सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो। फार्मसम्म जाने बाटो राम्रो नहुँदा ढुवानीमा ठूलो खर्च हुने गरेको छ। म्याग्दे गाउँपालिकाका अध्यक्षलगायतको अनुगमन टोली पुग्दा व्यवसायका लागि बाटो सबैभन्दा समस्या रहेको जानकारी गराएको सञ्चालक थापाले बताउनुभयो । चितवन र पोखराबाट कुखुराका लागि दाना खरिद हुन्छ, तर यहाँसम्म ल्याउनका लागि ट्र्याक्टरको प्रयोग गर्नुपर्ने समस्याले गर्दा खर्च बढेको छ । अण्डा निर्यात पोखरा, काठमाडौँ र चितवनमा गर्दै आएका छौँ। उहाँले भन्नुभयो, "स्थानीय बजारले हाम्रो अण्डाको उत्पादनलाई थेग्न सक्दैनन् ।" "चितवनको अबिनास हाइलाइन नेपालबाट चल्ला ल्याउँदै आएका छौँ । चल्ला हुर्काउन अत्यन्त जोखिम छ, निश्चित तापक्रम दिनुपर्दछ, यसका लागि खट्नुपर्छ, अथक मेहेनत र परिश्रम भए पनि यस व्यवसायबाट खुसी छौँ", उहाँले भन्नुभयो । फार्ममा भएको कुल कुखुरामध्ये ८० प्रतिशतले अण्डा दिने गरेको छ। लामो समयदेखि आवद्ध भएको हुनाले फार्ममा नियमित कर्मले आफूलाई सन्तुष्टि मिलेको अर्का सञ्चालक गुरुप्रसाद पौडेलले बताउनुभयो । व्यवसाय गरेपछि आम्दानी त स्वतः हुन्छ नै त्यो भन्दा बढी मलाई आत्मसन्तुष्टि मिलेको छ", सञ्चालक थापाले भन्नुभयो।